नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रमको मन्त्रालयगत कार्ययोजना प्रस्तुति तथा कार्यसम्पादन सम्झौतामा हस्ताक्षर कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले सरकारको नीति, योजना र बजेट कार्यक्रममार्फत् लिएका लक्ष्यहरूलाई निर्धारित समयमै सम्पन्न गर्ने गरी कार्य प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभयो । स्वीकृत वार्षिक कार्यक्रमको शीघ्र कार्यान्वयनको लागि आर्थिक वर्ष सुरू नहुँदै बजेट स्वीकृत गर्ने गरिएकोले आर्थिक वर्ष प्रारम्भ हुनासाथ कार्यान्वयन प्रक्रिया अगाडि बढ्न सहज हुने बताउँदै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न यही भदौ मसान्तसम्म सम्पूर्ण टेण्डर प्रक्रिया सम्पन्न गरी आश्विन महिनादेखि नै काम शुरु गर्न निर्देशन दिनुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले देश विकासको जिम्मेवारी तथा सङ्कल्पका साथ सरकार योजनावद्ध ढङ्गले अघि वढिरहेकोले स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न गत आर्थिक वर्षदेखि नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको आवधिक समीक्षा शुरु गरिएको हुँदा यसलाई निरन्तरता दिनु पर्नेमा जोड दिनुभयो। साथै नीति तथा कार्यक्रमको थप प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजनाअनुरूप लक्ष्य हासिल गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले नयाँ अभ्यासको रूपमा कार्यसम्पादन सम्झौता सुरू गरिएको बताउनुभयो ।

कार्यक्रममा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले तयार पारिएको कार्यसम्पादन सम्झौतामा सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय उपप्रधानमन्त्रीज्यूहरु तथा सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू बीच हस्ताक्षर सम्पन्न भयो। कार्यसम्पादन सम्झौतामा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि छनौट गरिएका विभिन्न क्रियाकलापहरुको विवरण तथा उक्त क्रियाकलापहरु सम्पन्न गर्नु पर्ने समयावधि समेत उल्लेख गरिएको छ ।

सो अवसरमा गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवज्यूहरूबाट आ-आफ्नो मन्त्रालयको चालु आर्थिक वर्षको कार्ययोजना प्रस्तुत भएको थियो। कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकारज्यू तथा सल्लाहकारज्यूहरु, नेपाल सरकारका मुख्यसचिवज्यू, सचिवज्यूहरू र नेपाल सरकारका उच्च पदस्थ पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

साउन १५, २०७६

विनोदबहादुर कुँवर
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np